email:miklajungrmun@gmail.com

# मिक्लाजुङ गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय

मधुमल्ला, (मोरङ)
(शिक्षा युवा तथा खेलकुद शाखा)

१ नं. प्रदेश, नेपा

प.सं.२०७७/०७८
च.नं. ११८६

मिति:२०७७/१०/२७

विषयः कार्यसम्पादनमा आधारित अनुदान सम्वन्धमा ।

श्री सम्पूर्ण सामुदायिक विद्यालयहरू
मिक्लाजुङ, मोरङ

प्रस्तुत विषयमा, सामुदायिक विद्यालयहरूमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रमका लागि इच्छुक विद्यालयहरूले विद्यालय अनुदान व्यवस्थापन निर्देशिका २०७४ को अनुसूची ३ बमोजिम विद्यालयको स्वःमूल्याङ्कन गरी, आवश्यक कागजात सहित मिति २०७७/११/१५ गते भित्रमा यस कार्यालयमा पेश गर्नु हुन सम्वन्धीत सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । मूल्याङ्कन फाराम यस गाउँपालिकाको वेवसाइटबाट डाउनलोड गरी लिन सकिने छ ।

काशिनाथ खनाल
शाखा अधिकृत (आठौं)

अनुसूची ३

**कार्यसम्पादन मूल्याङ्कन फाराम**

| क्षेत्र | कार्यसम्पादन सूचक | विद्यालयको स्वःमूल्या | गाउँपालिकाको मूल्याङ्कन | अङ्क दिने आधारहरू | अङ्कभार |
|---|---|---|---|---|---|
| विद्यालय व्यिस्थापन (१३ अङ्क) | क) विद्यालय व्यवस्थापन समितिको गठन, बैठक तथा निर्णय कार्यान्वयन | | | शिक्षा नियमावली अनुसार विद्यालय व्यवस्थापन समितिको गठन भएको भए १ , बैठकको १ तथा निर्णय कार्यान्वयन वापत २ अङ्क | ४ अङ्क |
| | ख) शिक्षक अभिभावक संघको गठन, बैठक तथा निर्णय कार्यान्वयन | | | शिक्षक अविभावक सङ्घको गठन भएको भए १ , बैठक १ तथा निर्णय कार्यान्वयन वापत १ अङ्क | ३ अङ्क |
| | ग) बाल क्लबको गठन तथा परिचालन | | | बाल क्लबको गठन १ तथा परिचालन वापत १ अङ्क | २ अङ्क |
| | घ) अविभावक भेला र सुझाव कार्यान्वयन | | | अभिभावक भेला १ र सुझाव कार्यान्वयन वापत १ अङ्क | २ अङ्क |
| | ङ) विद्यालय सुधार योजना कार्यान्वयनका लागि स्थानीय निकाय संघसंस्था सँगको सहकार्य | | | विद्यालय सुधार योजना कार्यान्वयनका लागि स्थानीय निकाय , सङ्घ संस्थाहरूसग सम्झौता गरी सहकार्य गरेको भए १ र अङ्क प्रगति अभिलेखीकरण गरेको भए १ अङ्क | २ अङ्क |
| विद्यालयको वार्षिक शैक्षिक योजना | क) वार्षिक कार्ययोजनाको निर्माण तथा कार्यान्वयन | | | वार्षिक कार्ययोजना निर्माण गरेको भए १ तथा कार्यान्वयन भएमा २ अङ्क | ३ अङ्क |
| | ख) वार्षिक शैक्षणिक योजना निर्माण तथा कार्यान्वयन | | | प्रत्येक शिक्षकले वार्षिक शैक्षिक योजनाको निर्माण गरेको भए १ अङ्क, तथा कार्यान्वयन भएमा १ अङ्क | २ अङ्क |
| विद्यालय सुधार योजना (५ अङ्क) | क) विद्यालय सुधार योजनाको निर्माण र वार्षिक अध्यावधिकरण | | | विद्यालय सुधार योजना निर्माण भएको भए २ अङ्क, वार्षिक अद्यावधीकरण भएमा थप १ अङ्क | २ अङ्क |
| | ख) विद्यालय सुधार योजनाको आधारमा वार्षिक विद्यालय कार्ययोजनाको निर्माण र कार्यान्वयन | | | विद्यालय सुधार योजनाको आधारमा वार्षिक विद्यालय सुधार योजनाको निर्माण भएको भए १ अङ्क कार्यान्वयन भएमा थप १ अङ्क | २ अङ्क |
| सुशासन र पारदर्शिता (१४ अङ्क) | क) नियमित रूपमा सामाजिक परीक्षण गरी प्रतिवेदन बुझाएमा | | | सामाजिक परीक्षण गरी प्रतिवेदन बुझाएमा ५ अङ्क | ५ अङ्क |
| | ख) नियमित रूपमा लेखा परीक्षण गरी प्रतिवेदन बुझाएमा | | | लेखा परीक्षण गरी प्रतिवेदन बुझाएमा ३ अङ्क | ३ अङ्क |
| | ग) सुचनापाटीको व्यवस्था र प्रयोग भएको भए थप १ अङ्क | | | सूचनापाटीको व्यवस्था भएमा १ र त्यसको प्रयोग भएको भएमा थप १ अङ्क | २ अङ्क |
| | घ) चौमासिक प्रतिवेदन संप्रेषण | | | चौमासिक प्रतिवेदन सम्प्रेषण वापत २ अङ्क | २ अङ्क |
| | ङ) विद्यार्थी, शिक्षक आचारसंहिता निर्माण र प्रयोग | | | विद्यार्थी आचारसंहिता निर्माण र प्रयोग १, शिक्षक आचारसंहिता निर्माण र प्रयोग १ अङ्क | २ अङ्क |
| न्यूनतम सिकाइ वातावरण (११ अङ्क) | क) कक्षागत बुककर्नरको व्यवस्था | | | सबै कक्षामा बुककर्नरको व्यवस्था भएमा १ अङ्क | ७ अङ्क |
| | ख) शिक्षण समय तालिका अनुसार शिक्षकको व्यवस्थापन | | | शिक्षण समय तालिका अनुसार शिक्षकको व्यवस्थापन भएमा (साप्ताहिक कार्यतालिका रुटिन) १ | १ अङ्क |
| | ग) सबै विद्यार्थीहरूलाई सेटमा पाठ्यपुस्तकको उपलब्धता | | | सबै विद्यार्थीहरूलाई शिक्षा नियमावलीले तोके को समय सीमा भित्र सेटमा पाठ्यपुस्तकको उपलब्धता भएमा २ अङ्क | २ अङ्क |

| क्षेत्र | कार्यसम्पादन सूचक | विद्यालयको स्व:मल्या | गाउँपालिकाको मल्याङ्कन | अङ्क दिने आधार | अङ्कभार |
|---|---|---|---|---|---|
| | घ) पाठ्यक्रमले निर्धारित गरेका उद्देश्य पुरा हुने गरी अतिरिक्त क्रियाकलापको सञ्चालन | | | अतिरिक्त क्रियाकलाप सञ्चालनको योजनाका लागि १ अङ्क अभिलेखीकरण भएको भए थप १ अङ्क | २ अङ्क |
| | ङ) शैक्षिक सामग्रीको उपलब्धता र प्रयोग | | | शैक्षिक सामग्रीको उपलब्धता १ र प्रयोग १ | २ अङ्क |
| | च) विशेष आवश्यकता भएका बालबालिकाहरूको लागि विद्यालयमा पहुँच र सिकाइ वातावरणको समुचित व्यवस्थापन, | | | विभागले तोकको मापदण्ड अनुसार विशेष आवश्यकता भएका बाल बालबालिकाहरूको लागि विद्यालयमा पहुच र सिकाइ वातावरणको समुचित व्यवस्थापन १ अङ्क | १ अङ्क |
| | छ) लैङ्गिकमैत्री, बालमैत्री वातावरणको विकास | | | विभागले तोकेको न्यूनतम मापदण्ड अनुसार लैङ्गिकमैत्री र बालमैत्री वातावरणको विकास का लागि २ अङ्क | २ अङ्क |
| शिक्षण सिकाइ समय परिचालन (३ अङ्क) | क) विद्यालय खुलेको वदन | | | शिक्षा नियमावलीमा तोकिए अनुसार विद्यालय खुलेको दिनको अवभलेखीकरण विद्याथी हाजिर पुवस्तकामा अद्यावधिक भएमा २ अङ्क | २ अङ्क |
| | ख) क्षिक्षण सिकाइ क्रियाकलाप सञ्चालन भएको दिन | | | शिक्षा नियमावलीमा तोकिए अनुसार विद्यालय खुलेको दिनको अवभलेखीकरण विद्याथी हाजिर पुवस्तकामा अद्यावधिक भएमा २ अङ्क | २ अङ्क |
| विद्यार्थी मूल्याङ्कन तथा सिकाइ उपलब्धि विकास योजना (१९ अङ्क) | क) पाठ्यक्रमले तोके अनुसार आवधिक परीक्षा सञ्चालन र विद्यार्थीलाई लिखित पृष्ठपोषण गरेमा | | | पाठ्यक्रमले तोके अनुसार आवधिक परीक्षा सञ्चालन र विद्याथीलाई लिखीत पृष्ठपोषण गरेमा २ अङ्क | २ अङ्क |
| | ख) निरन्तर विद्यार्थी मुल्याङ्कन, आवधिक परीक्षाको पृष्ठपोषण सहित उपचारात्मक शिक्षण गरेमा | | | निरन्तर विध्यार्थी मुल्याङ्कन ३ , आवधिक परीक्षाको लिखित पृष्ठपोषण सहित उपचारात्मक शिक्षण गरेमा २ अङ्क | ५ अङ्क |
| | ग) प्रत्येक क्षिक्षकले विषयगत सिकाइ उपलब्धि विश्लेषण र अभिवृद्धि योजना तयारी र कार्यान्वयन | | | विषयगत सिकाइ उपलब्धि विश्लेषण १ , अभिवृद्धि योजना १ र (शिक्षक) योजना अनुसार वृद्धि भएको देखिएमा १ अङ्क | ३ अङ्क |
| | घ) विद्यालयको समग्र सिकाइ उपलब्धि विश्लेषण र अभिवृद्धि योजना तयारी र कार्यान्वयन | | | विद्यालयको समग्र सिकाइ उपलब्धि विश्लेषण १ अभिबृद्धि योजना १ र योजना अनुसार अभिवृद्धि भएको देखिएमा १ अङ्क | ३ अङ्क |
| | ङ) राष्ट्रिय औसत सिकाइ उपलब्धि भन्दा बढी भएमा | | | राष्ट्रिय औसत सिकाइ उपलवब्ध भन्दा बढी भएमा ४ अङ्क | ५ अङ्क |
| | च) विद्यालयले तयार गरेको प्रक्षेपित सिकाइ अवभिबृद्धि योजनाको आधारमा न्यूनतम पचास प्रतिशत भन्दा बढी बृद्धि भएको | | | सिकाइ अभिवृद्धि योजनाको आधारमा न्यूनतम पचास प्रतिसत भन्तदा बढी बृद्धि भएको भए २ अङ्क | २ अङ्क |
| विद्यालयको आन्तरिक सक्षमताको अवस्था (१३ अङ्क) | क) सेवा क्षेत्र भित्र विद्यालय जाने उमेर समुहका बालवालिकाहरू विद्यालय बाहिर नरहेको | | | सेवा क्षेत्र भित्र विद्यालय जाने उमेर समूहका (कक्षा १मा) बालवालिकाहरू विद्यालय बाहिर नरहेको अभिलेख सहित एकिन भएको ४ अङ्क | ४ अङ्क |
| | ख) विद्यार्थीको टिकाउ राष्ट्रिय औसतभन्दा माथि रहेमा | | | विद्यार्थीको टिकाउ राष्ट्रिय औषत भन्दा माथि रहेमा ५ अङ्क | ५ अङ्क |

| क्षेत्र | कार्यसम्पादन सूचक | विद्यालयको स्व:मल्या | गाउँपालिकाको मल्याङ्कन | अङ्क दिने आधार | अङ्कभार |
|---|---|---|---|---|---|
| भौतिक वातावरण (११ अङ्क) | क) शिक्षा नियमावलीमा तोकिएको मापदण्ड अनुसार विद्यार्थी सङ्ख्याको आधारमा फर्निचर तथा कक्षाकोठाको व्यवस्थापन | | | शिक्षा नियमावलीमा तोकिएको मापदण्ड अनुसार विद्यार्थी सङ्ख्याको आधारमा फर्निचर तथा कक्षाकोठाको व्यवस्थापन ३ अङ्क | ३ अङ्क |
| | ख) विद्यालयको खानेपानी तथा पानीसहितको छात्रछात्रालाई अलग्गै शौचालयको व्यवस्था र WASH को सुविधा | | | विद्यालयको खानेपानी १ तथा पानीसहितको छात्रछात्रालाई अलग्गै शौचालयको व्यवस्था र WASH को सुविधा १ अङ्क | ४ अङ्क |
| | ग) विद्यालयमा खेलमैदान, घेरावेराको व्यवस्थापन | | | विद्यालयमा खेलमैदान, घेरावेराको व्यवस्थापन भएमा १ अङ्क | १ अङ्क |
| | घ) विद्यालयमा अध्ययन व्यवस्था सहितको पुस्तकालय | | | विद्यालयमा अध्ययन व्यवस्था सहितको पुस्तकालय भएमा १ अङ्क | १ अङ्क |
| | ङ) विज्ञान प्रयोगशालाको व्यवस्था | | | विज्ञान प्रयोगशालाको व्यवस्था भएमा १ अङ्क | १ अङ्क |
| | च) सुरक्षित विद्यालय वातावरण | | | भूकम्प प्रतिरोधी भवन, विपद् व्यवस्थापन पूर्वतयारी योजना र अभ्यास १ अङ्क | १ अङ्क |
| शैक्षिक सूचना तथा प्रविधिको प्रयोगको अवस्था (६अङ्क) | क) विद्यालयमा सूचना तथा प्रविधिका साधनहरूको उपलब्धता | | | कम्प्युटर,/ल्यापटप, प्रिन्टर, प्रोजेक्टर, इन्टरनेटको उपलब्धता भएमा २ अङ्क | २ अङ्क |
| | ख) व्यवस्थापकीय कार्यमा सूचना तथा प्रविधिको प्रयोग | | | व्यवस्थापकीय कार्यमा सूचना तथा प्रविधिको प्रयोग १ अङ्क | १ अङ्क |
| | ग) क्षिक्षण सिकाइ क्रियाकलापमा सूचना तथा प्रविधिको प्रयोग | | | क्षिक्षण सिकाइ क्रियाकलापमा सूचना तथा प्रविधिको प्रयोग ३ अङ्क | ३ अङ्क |
| जम्मा अङ्क | | | | | १०० |

**नोटः** कार्यसम्पादन अनुदान प्राप्त गर्नका लागि विद्यालयले माथि उल्लेखित सूचकहरूमा विद्यालय व्यस्थापन समितिको गठन , सामाजिक परीक्षण , विद्यालय सुधार योजना र वार्षिक अद्यावधिकरण, सेटमा पाठ्यपुस्तकको उपलब्धता , लेखा परीक्षण, चौमासिक प्रतिवेदन सम्प्रेषण, शिक्षकको उपस्थिति र विद्यालयको वार्षिक शैक्षणिक योजना निर्माण र कार्यान्वयनमा तोकिएको अङ्क सहित ५० अङ्क ल्याएकै हुनपर्ने छ ।

**शैक्षिक सत्र २०७६ को कक्षागत विद्यार्थी संख्या र कक्षागत सिकाइ उपलब्धी संलग्न गर्नु पर्ने छ ।**

विद्यालयको छाप

प्रमाणित गर्ने